Vangmaya
Vol. 22, No. 1: 94-105, July-August 2024
Central Department of Nepali, Kirtipur
DOI: https://doi.org/10.3126/vangmaya.v22i1.85437
ORCiD ID: 0009-0002-2796-2202

# नेपाली उपन्यासमा कोखदायी आमा

**डा. यज्ञेश्वर निरौला***

## लेखसार

*प्रस्तुत लेख नेपाली उपन्यासमा अभिव्यक्त धितोकोखका विभिन्न पक्षहरूको विश्लेषण र मूल्याङ्कनमा केन्द्रित छ । मदनमणि दीक्षितको माधवी, पद्मावती सिंहको मौन अक्षर, शंकर देव ढकालको किरायको कोख र राजेन्द्र सुवेदीको धितोकोख उपन्यासमा वर्णित कथ्यमा रहेको अरूबाट धन लिई तिनकै निम्ति सन्तान जन्माइदिनुपरेका नारीको बाध्यात्मक परिस्थितिलाई मूल विषय बनाइएको छ । कानुनी रूपमा सम्झौता गरी कुनै महिलाले निश्चित धन लिई अर्कै व्यक्तिका निम्ति बच्चा जन्माइदिने र जसका निम्ति बच्चा जन्माइदिएको हो उसलाई जिम्मा दिएपछि दायित्व समाप्त हुने अवस्थामा पुगेकी आमा नै कोखदायी आमा हुन् । नेपाली उपन्यासपरम्परामा देखिएका उपर्युक्त उपन्यासमा रहेको कोखदायी आमाको यही विषयमा केन्द्रित रहेर लेख तयार पार्न प्राथमिक तथा द्वितीयक दुवै प्रकारका सामग्री पुस्तकालय कार्यबाट सङ्कलन गरिएको छ । सङ्कलित सामग्रीलाई ब्रान्डाओ, पिरसान्ती, कान्साल्भो लगायतका विद्वान्हरूको कोखदायी आमासम्बन्धी मान्यता एवम् फुको तथा लुसी इरिगेरीको शरीर राजनीतिसम्बन्धी मान्यतालाई विश्लेषणको आधार बनाइएको छ । सामाजिक रूपमा तिरस्कृत भइन्छ भन्ने लाग्दा लाग्दै बाध्यात्मक परिस्थितिका कारण आफ्नो कोख धितोमा राखी भाडामा कोख लेनदेन गर्न उद्यत नारीको व्यथा र नेपाली उपन्यासमा रहेका पात्रहरूको मनोशारीरिक अवस्थालाई विश्लेषण गरी त्यस्तो कर्मबाट नेपाली नारीले सामाजिक रूपमा प्राप्त गरेको सन्तुष्टि र असन्तुष्टिलाई यस लेखको निष्कर्षका रूपमा प्रस्तुत गरिएको छ ।*

**शब्दकुञ्जी** : केशशुल्का, कोख, कोखदायी आमा, धितो, निषेचन, भ्रूण ।

## विषयपरिचय

नेपाली उपन्यासपरम्परामा सर्वप्रथम २०३९ सालमा प्रकाशित मदनमणि दीक्षितको *माधवी* उपन्यासमा कोखदायी आमाको विषय उल्लेख गरिएको छ । उत्तरवैदिककालीन समाजको प्रतिविम्बन भएको यस उपन्यासमा नायक गालवले विश्वामित्रलाई दिनुपर्ने गुरुदक्षिणाका निम्ति श्यामकर्णे घोडा प्राप्त गर्न नायिका माधवीले कोख धितोमा राखेको कथा प्रस्तुत छ । गैरे (२०४८) ले *माधवी* उपन्यासमाथि तत्त्वगत आधारमा र सिलवाल (२०६४, २०७४) ले समाजशास्त्रीय दृष्टिकोणले *माधवी* उपन्यासमाथि चर्चा गरेका छन् तर समालोचकद्वयले धितोकोखको सन्दर्भलाई लिएर यस उपन्यासमाथि चर्चा गरेका छैनन् । २०७३ सालमा पद्मावती सिंहको *मौन अक्षर* उपन्यास प्रकाशित छ । यस उपन्यासमा नारीका व्यथा र पीडालाई प्रस्तुत गर्ने क्रममा उपन्यासकी पात्र सुनचरीले धितोमा सरिताका लागि सन्तान जन्माइदिन सहमत बनाएको कुरा थापा (२०७५, पृ. ५२) ले उल्लेख गरेकी छन् तर धितोकोखको सैद्धान्तिक सन्दर्भलाई उनले चर्चा गरेकी छैनन् ।

* डा. निरौला रत्न राज्यलक्ष्मी क्याम्पसमा सहप्राध्यापक पदमा कार्यरत हुनुहुन्छ ।

शंकरदेव ढकालको सन् २०१८ मा प्रकाशित *किरायको कोख* नेपाली उपन्यासपरम्परामा आएको कोखदायी आमाको विषयवस्तु भएको अर्को महत्त्वपूर्ण उपन्यास हो । यस उपन्यासमा नेपाली मूलका भुटानी नागरिकलाई भुटान छाडी नेपालमा आई बस्न बाध्य पारिँदा भुटानी शरणार्थीले भोगेका पीडा र व्यथाको अन्तर्यमा रही त्यहाँ उत्पन्न विकृत र विसङ्गत पक्षको उद्घाटन गर्दै शरणार्थीमध्येकै एउटी महिलालाई कोखदायी आमा बन्न बाध्य पारिएको मार्मिक कथा प्रस्तुत छ । नेपाली मूलका भुटानी नागरिकहरूको जीवनशैली र शरणार्थीहरूको जीवनको अँध्यारो पाटोलाई महत्त्व दिएर लेखिएको यस उपन्यासमा सम्पत्ति भएर पनि पुरुषले भोगिरहेका पीडा, सन्तान नहुँदा अर्थात् सन्तान भएर पनि लुलालङ्गडा, कानाखोरन्डा, लाटाबहिरा भए भने बाबुआमाले भोग्नुपरेका पीडासमेतलाई उल्लेख गरिएको छ । यसपछि २०७६ मा प्रकाशित राजेन्द्र सुवेदीको *धितोकोख* कोखदायी आमालाई नै मूल विषय बनाएर रचना गरिएको अर्को महत्त्वपूर्ण उपन्यास हो । यस उपन्यासका बारेमा खनाल (२०७६, फागुन १०) ले उपन्यासकी पात्र ऋतम्भरा बाँच्ने चाहनालाई भरथेग गर्न परिआउने कामलाई स्वेच्छामा गर्ने हिम्मत बटुलेर आफ्नो कोख धितो राख्न तयार रहेको अति सङ्क्षिप्त सन्दर्भ उल्लेख गरेका छन् । निरौला (२०७९) ले उपन्यासकार सुवेदीको *धितोकोख*माथि विभिन्न कोणबाट विश्लेषण गरेका छन् । यस क्रममा उनले उपन्यासको शीर्षक, संरचना, सांस्कृतिक सन्दर्भ, पुरुषप्रधान समाजमा पुरुषले नै भोग्नुपरेको पीडा, राजनीतिक तथा आर्थिक विकृतिको चरम अवस्था, विश्वविद्यालय र आईएनजिओबाट नेपाली समाजमा भित्रिएको विकृति लगायतका पक्षमाथि चर्चा गर्दै उपन्यासकी पात्र ऋतम्भराले ग्रहण गरेको धितोकोखका बारेमा उल्लेख गरेका छन् । उनले यस अध्ययनमा कोखदायी आमासम्बन्धी सैद्धान्तिक अवधारणाविनै ऋतम्भरा पात्र र उसले भाडा लिएर उपन्यासको पात्र डेभिडका निम्ति सन्तान जन्माइदिएको विवरण प्रस्तुत गरेका छन् । ज्ञवाली (२०७९) ले उपन्यासमा समेटिएको विषय क्षेत्र, उपन्यासको कथावस्तु, उपन्यासमा प्रस्तुत जीवनबोध आदिबारे चर्चा गरेका छन् । कथावस्तु उल्लेख गर्ने क्रममा ज्ञवालीले पात्र ऋतम्भराको चरित्र चित्रण गर्दै उसले धितोमा आफ्नो कोख डेभिडलाई दिएको सन्दर्भ जोडेका छन् । यस अध्ययनमा नेपाली उपन्यासमा संवेदनशील विषयका रूपमा लिइएको कोखदायी आमाको अन्तरमनमा रहेका पीडा, मनोद्वन्द्व र तिनको सामाजिक प्रतिष्ठाको खोजी गरिएको छ । नेपाली उपन्यासमा देखिएको यही विषयलाई आधार बनाएर नेपाली उपन्यासमा कोखदायी आमाको अवस्था कस्तो छ भन्ने शोध समस्या राखी नेपाली उपन्यासमा चित्रित कोखदायी आमा बन्न बाध्य हुनुपरेको अवस्थालाई विश्लेषण गर्नु भन्ने उद्देश्यमा केन्द्रित रहेर यो शोध लेख तयार पारिएको छ । आर्थिक दुरवस्थाका कारण असामाजिक र गैरकानुनी कार्य भन्ने लाग्दा लाग्दै पनि नेपाली नारीले आफ्नो कोख धितोमा राखी अरूकै निम्ति शिशु पैदा गरिदिनुपर्ने बाध्यात्मक परिस्थितिमाथि विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

## अध्ययनविधि

यस अध्ययनमा मदनमणि दीक्षितको *माधवी,* शङ्करदेव ढकालको *किरायको कोख,* राजेन्द्र सुवेदीको *धितोकोख* र पद्मावती सिंहको *मौन अक्षर* उपन्यासमा व्यक्त भएको नेपाली उपन्यासमा रहेको सरोगेसी आमाको अवस्थालाई प्राथमिक सामग्री बनाइएको छ । प्राथमिक सामग्रीबाट प्राप्त तथ्य विश्लेषण र मूल्याङ्कनका निम्ति उपर्युक्त उपन्यासहरूमाथि भएका समीक्षा, समालोचना लगायतका पूर्वकार्य तथा सैद्धान्तिक पर्याधारका निम्ति उपयोग गरिएका सामग्रीलाई द्वितीयक सामग्रीका रूपमा उपयोग गरिएको छ । प्राथमिक तथा द्वितीयक दुवै सामग्रीलाई पुस्तकालयकार्यबाट सङ्कलन गरिएको छ ।

## सैद्धान्तिक आधार

आफ्ना लागि नभएर अरू नै व्यक्ति वा दम्पतीका निम्ति शिशु पैदा गरिदिनु र निश्चित समय पूरा भएपछि जसका निम्ति शिशु पैदा गरिदिएको हो उसैलाई जिम्मा दिने काम धितोकोख हो । धितोकोख शब्दका निम्ति अङ्ग्रेजीमा सरोगेसी शब्द प्रचलनमा छ र त्यसरी शिशु पैदा गरिदिने आमालाई कोखदायी आमा वा सरोगेट मदर भनिन्छ । दम्पतीमध्ये कुनै एक जनामा रहेको नपुंसकता अथवा महिलामा गर्भधारण गर्न सक्ने क्षमताको कमीका कारण कोखदायी आमाको अपेक्षा गरिन्छ । कोखदायी आमा प्रयोग हो भने धितोकोख त्यसको प्रक्रिया वा पद्धति हो । शारीरिक र मानसिक रूपमा स्वस्थ रहन शिशु जन्माइदिने आमा र सन्तान आवश्यक भएका दम्पती वा व्यक्तिका बिच आर्थिक पक्ष तथा आवश्यक रेखदेख समेतका लागि सम्झौता गरिएको हुन्छ (ब्रान्डाओ र अरू, सन् २०२२) । धितोकोख उपयोग गर्नुअगि वैधानिकताको पक्षलाई गम्भीर रूपमा ख्याल गर्नुपर्ने हुन्छ । कोखलाई धितोमा लिँदा र दिँदा आइपर्ने कानुनी समस्या एवम् त्यसको नतिजा ख्याल गरी दुई पक्षबिच सम्झौता गरिन्छ । जुन मुलुकमा व्यावसायिक धितोकोख प्रक्रियाले वैधानिकता पाएको छ त्यहाँ तेस्रो पक्षका माध्यमबाट वा सिधै सम्पर्क गरेर गर्भाधान प्रक्रिया र शिशु पैदा गर्ने काम गरिन्छ (पिरसन्ती, कान्साल्भो र अरू, सन् २०२१ जनवरी) । धितोकोख परम्परागत र आमन्त्रित गरी दुई प्रकारको हुन्छ ।

### परम्परागत धितोकोख

दाताको वीर्य अथवा जिम्मेवार पिताको वीर्यलाई धितो लिइएको कोखमा रहेको अण्डमा निषेचन गरी शिशु जन्माउने प्रक्रिया परम्परागत धितोकोख हो । यसमा पिता आनुवंशिक पनि हुनसक्छ अथवा पिता शारीरिक रूपमा कमजोर छ भने दाताबाट वीर्य ग्रहण गरी त्यस वीर्यलाई कोखदायी आमाको गर्भमा राखेर अण्डसँग निषेचन गरेपछि भ्रूण विकास हुन थाल्छ । यसलाई आंशिक धितोकोख पनि भन्ने गरिन्छ । यस अन्तर्गत प्राकृतिक रूपमा यौन सम्पर्क गरी गर्भाधानको प्रक्रिया पुऱ्याइन्छ अथवा कृत्रिम गर्भाधान पद्धतिलाई पनि प्रयोग गरिन्छ (भाटिया, माटिन्डेल, रस्तामोभ, निसेन्बम, सन् २००९) । यसमा वैधानिक विधिलाई अस्वीकार गरिँदैन ।

### आमन्त्रित धितोकोख

यो परम्परागत धितोकोख प्रक्रियाभन्दा उच्च तहको धितोकोख प्रक्रिया हो । अङ्ग्रेजीमा यसलाई गेस्टास्नल सरोगेसी भनिन्छ । यो अतिथि धितोकोख हो । जसलाई सन्तानको आवश्यकता परेको छ उसले सन्तान जन्माइदिन स्वस्थ नारीलाई अतिथि माताका रूपमा आमन्त्रण गर्छ र बालक जन्मको प्रक्रिया अगि बढाउँछ । यसैबाट उसले सन्तानको चाहना पूरा गर्छ । यसले पूर्ण धितोकोखको अवस्थालाई अपेक्षा गर्छ (इम्री र जाद्‌भा, सन् २०१४, जुलाई ४) । ब्रिन्सडेन (सन् २००३) ले चार प्रकारका भ्रूणको अवस्थालाई अगि सारेका छन् :

(क) इच्छित बुबाको वीर्य र कोखदायी आमाको अण्ड प्रयोग गरेर सिर्जना गरिएको भ्रूण,

(ख) इच्छित बुबाको वीर्य र दातृको अण्ड प्रयोग गरेर सिर्जना गरिएको भ्रूण, (यसमा कोखदायी आमाको अण्ड प्रयोग गरिँदैन)

(ग) कोखदायी आमाको अण्ड र दाताको वीर्य प्रयोग गरेर सिर्जना गरिएको भ्रूण र

(घ) कोखदायी आमाको कोखमा दाताको वीर्य र दाताकै अण्ड मिलाएर स्थानान्तर गरिएको भ्रूण । यस्तो भ्रूण आमाको गर्भमै उत्पादनबाट उपलब्ध पनि हुनसक्छ र अन्य कुनै प्रविधिबाट सिर्जना गरिएको भ्रूण दानबाट प्राप्त गरिएको पनि हुनसक्छ । यस प्रकारको प्रक्रियाबाट जन्मेको शिशु र आमा वंशानुगत रूपमा असम्बन्धित हुन्छन् ।

## विमर्श र परिणाम

नेपाली उपन्यासमा उल्लेख भएको कोखदायी आमाका अवस्थालाई ब्रान्डाओ र ब्रिन्सडेनको सैद्धान्तिक मान्यताका आधारमा विभिन्न उपशीर्षक दिई निम्नलिखितअनुसार विमर्श गरिएको छ ।

### माधवी उपन्यासमा कोखदायी आमा

उपन्यासकार मदनमणि दीक्षितले *माधवी* उपन्यासकी नायिका माधवीलाई अरूका निम्ति आफ्नो कोख भाडामा दिई सन्तान जन्माइदिने आमाका रूपमा उल्लेख गरेका छन् । वैदिक नीति र धर्मअनुरूप मानवकल्याणको आह्वान गरी बृहत् कथा प्रस्तुत भएको *माधवी*मा पुरुषको वीर्य गर्भमा राखी सन्तान जन्माइदिएबापत भाडा लिने नारीको जीवन प्रस्तुत गरिएको छ । उत्तरवैदिककालीन समाज र सभ्यताको यथार्थ प्रस्तुतिका साथ तत्कालीन समाजलाई दासत्वबाट मुक्ति दिलाउने विश्वामित्र ऋषिको अभियानमा सहयोग पुऱ्याउँदाको अन्तरकथा यस उपन्यासमा उल्लेख छ तथापि, आजको युग, समाज र परिवेशमा बसेर हेर्दा उपन्यासकी नायिका माधवीलाई भाडामा सन्तान जन्माइदिने नारीका रूपमा चित्रण गरिएको हो भन्ने प्रस्ट देखिन्छ ।

अहिच्छत्र नरेश ययातिसमक्ष उपन्यासको नायक गालवको मित्र नागजेयले गुरु विश्वामित्रलाई गालवले गुरुदक्षिणा दिएरै छाड्ने हठका कारण गुरुले चार ओटा श्यामकर्ण घोडा माग गरेका हुँदा तिनै श्यामकर्ण घोडा प्राप्तिका निम्ति यहाँ आएका हौँ भन्दै ययाति सभामा कुरा राखेका छन् । उपन्यासमा भनिएको छ : “गालवले चार ओटा श्यामकर्ण घोडा शीघ्र प्रदान गरेनन् भने गाधेय विश्वामित्रद्वारा श्रापग्रस्त भई तिर्यग्योनिमा पतित भई दासत्व बन्धनमा पुग्नुपर्ने छ” (पृ. ९५) । गाधेय विश्वामित्रले संसारका चार कुनामा अश्वमेध यज्ञ सम्पन्न गरेर सम्पूर्ण दासलाई मुक्ति दिने महान् अठोट लिएका हुन्छन् । यसै अभीष्ट पूर्तिका निम्ति चार ओटा श्यामकर्ण घोडा गालवबाट गुरुदक्षिणा मागिएको हो तर ययाति राज्य अहिच्छत्रमा एउटा पनि श्यामकर्ण घोडा नभएकाले राजसभामा चार ओटा श्यामकर्ण घोडा प्राप्तिका निम्ति सहजीकरण गर्ने कि नगर्ने भन्ने विषयमा लामो छलफल राखेका छन् । ययाति सभा दुई मतमा विभाजित भएको छ । सभासदस्यमध्ये हलिमकले महामाया माधवीलाई केशशुल्का बनाउन हुन्न भन्ने मत अगि सारेको छ तर अर्को सभासदस्य रोहिताश्वले संसारबाट दासत्व मुक्तिका निम्ति विश्वामित्रले गर्न लागेको अश्वमेध यज्ञमा हामी सबैले सहयोग पुऱ्याउनुपरेकाले आफूलाई अर्पित गरेर माधवीले जनपदका महाराजबाट राजकुमारको जन्म दिई श्यामकर्ण प्राप्त गर्नुपर्ने र जुन जुन जनपदबाट माधवीले श्यामकर्ण प्राप्त गर्नेछिन् ती जनपदसित अहिच्छत्रको मित्रता बढ्ने छ र मानवले संसारमै दासत्वबाट मुक्ति पाउने छ भन्ने तर्क अगि सारेको छ । आफ्नो शरीरको निर्णयकर्ता माधवी स्वयम् भएकीले उसको जीवनका लागि उसैले निर्णय गरोस् भन्दै श्यामकर्ण प्राप्तिमा अस्वीकार नगरोस् भन्ने आशयको जवाफको पनि अपेक्षा गर्दै ययातिले छोरी माधवीलाई मनोवैज्ञानिक दवाव दिएको छ । आफूलाई अगिल्लो वर्ष गणिकामा वरण गरेको नै मन नपराइरहेकी अहिच्छत्र जनपदकी महामाया माधवी झन् केशशुल्का बनाउन लागिएको कुराले पीडित बनेकी छ र विद्रोहात्मक स्वर व्यक्त गरेकी छ :

“सम्राट् ! म अप्सरापुत्री मात्र होइन कि अहिच्छत्रकी महामाया गणिका मात्र होइन कि तिम्री पुत्री पनि त हुँ ! शब्द जे भन, तर मलाई बताऊ, किन मलाई केशशुल्कामा परिणत गर्न खोज्छौ ? मेरा कुन पापले अब महामायापछि मलाई पण्यस्त्रीमा समेत पुऱ्याउने जस्तो दारुण दण्डविधान गरेको हो ?” (पृ. १०५) । पिताका कुरामा चित्त नबुझेर ऊ अझ थप्छे, “... के म पणिमा कुशरज्जुद्वारा बन्धनगृहीत भएर पण्य गरिने मेष या मृगशावक पशु हुँ पिता ?” (पृ. १०६) ।

यो भनाइ माधवीमा रहेको प्रतिरोधी चेतना जाग्रित भएको अवस्था हो । उपन्यासकारले माधवीलाई विद्रोही नारीका रूपमा प्रस्तुत गरेका छन् । श्यामकर्ण घोडा प्राप्तिका निम्ति आफू बेचिन लागेकामा ऊ सचेत छ र आफ्नै पिता ययातिलाई आयुध धारण गरी श्यामकर्ण लिएर बसेका अयोध्या, काशी र भोजनगरका राजासँग युद्ध गरेर तिनलाई पराजित गरी तिनका साथमा रहेका श्यामकर्ण ल्याएर गालवलाई दियो भने गालवले ती श्यामकर्ण विश्वामित्रलाई दिने छन् र विश्वामित्रले संसारमा रहेका दासलाई मुक्त गर्ने कार्य अगि बढाउने छन् भनी आग्रह गरेकी छ। उसको यो आग्रह नागजेयले असफल पारेको छ। माधवीमा त्याग भयो भने यस भूमण्डलका दासहरूका निम्ति 'ॐ अमोहमस्मि' मन्त्रद्वारा विमोचनका द्वार खुल्न थाल्ने र विश्वामित्रले यस भूमण्डलमा दोस्रो स्वर्ग निर्माण गर्ने इच्छा पूरा गर्ने छन् भन्ने उपन्यासको पात्र नागजेयका वचनबाट माधवी प्रभावित भएको देखाइएको छ। गालवका साथ लागेर माधवी श्यामकर्ण प्राप्तिको साधन बन्न तयार भएकी छ। उसले अयोध्या नरेश हर्यश्वबाट पहिलो पुत्र वसुमना, काशीराजा दिवोदासबाट दोस्रो पुत्र प्रतर्दन र भोजनगर नरेश शिविबाट तेस्रो पुत्र पिताकै नाम रहेको शिविलाई जन्म दिएकी छ र गालवका निम्ति तीन ओटा श्यामकर्ण प्राप्त भएका छन् । त्यसवेला संसारभरमा नै तीनओटा मात्र श्यामकर्ण घोडा रहेको उपन्यासमा उल्लेख गरिएको छ । यसरी यस उपन्यासकी नायिका माधवीलाई केशशुल्का नारीका रूपमा चित्रण गरी अयोध्या, काशी र भोजनगरका राजाबाट धितोका रूपमा श्यामकर्ण घोडा लिई सन्तान जन्माइदिन बाध्य पारिएको तथ्य उपन्यासकारले प्रस्तुत गरेका छन् । यो भाटिया, माटिन्डेल, रस्तामोभ र निसेन्बम (सन् २००९) ले उल्लेख गरेजस्तो परम्परागत धितोकोख हो ।

## *मौन अक्षर* उपन्यासमा कोखदायी आमा

*मौन अक्षर* उपन्यासकी नायिका श्रीभाषाकी सहयोगीका रूपमा उपन्यासमा चित्रित सुनचरी कोखदायी आमा बनेको उल्लेख गरेको छ । उपन्यासमा तेस्रोलिङ्गी पात्रका रूपमा प्रस्तुत सरिता जन्ममा पुरुष भए पनि उसमा स्त्रीका गुण विकास हुन्छन् र उसको सहरको धनाढ्य व्यक्तिसँग बिहे भएको छ । आफूबाट सन्तान नहुँदा पतिले अर्की केटीसँग बिहे गर्छ कि भन्ने आशङ्काले ऊ सन्तानको खोजीमा रहेकी छ । सरिताले श्रीभाषा समक्ष आफूलाई धनसम्पत्तिले सबै पुगेको तर सन्तान नहुनाले जीवन खल्लो भएको पीडा पोखेकी छ र दुवै पुरुष भएकाले बच्चा नहुने हुँदा कसैको गर्भ भाडामा लिन तयार रहेको सुनाएकी छ। विदेशतिर मोटो रकम लिई आइमाईहरू अर्काको गर्भ बोक्ने र ती आइमाईको स्याहारसुसार, औषधि तथा सबै रेखदेख भाडामा लिने व्यक्तिले गर्ने गरेको अनि बच्चा जन्मेपछि सर्तअनुसार बच्चालाई केही समय जन्म दिने आमाका साथमा राखी समय पुगेपछि भाडा तिरेर कोख धितोमा लिने व्यक्तिलाई बच्चो सुम्पिएर ती महिलाले तोकिएको रकम लिन्छन् भन्ने सरिताले श्रीभाषालाई सुनाएको कुरा सुनचरीले पनि सुनिरहेकी हुन्छे ।

सुनचरीले गेस्टासनल प्रक्रियाबाट सरिता र उसका श्रीमान्का लागि बालकको जन्म दिएकी छ । आफूलाई आमा बन्ने रहर भएको तर जुन व्यक्तिसँग बिहे गरेर गइएको छ त्यस व्यक्तिले बच्चा नपाउने अप्रेसन गरेको हुनाले आफू आमा बन्ने रहर पूरा हुन नसकेको अनि आमा बन्न आफ्नो मन सधैँ लालायित भएको सुनचरीका कुरा सुनेपछि सरिताले आठ लाख रुपियाँ दिने, त्यसका लागि कागजमा सही गर्नुपर्ने र बेला बेलामा बच्चा हेर्न पाउने छुट भएको सर्त राखेपछि सुनचरी मन्जुर भएकी छ । सरिताका श्रीमान्ले पनि सुनचरीको जिम्मा आफूले लिने भनेपछि टेस्ट ट्युब बेबीको प्रक्रियाद्वारा गर्भधारण गराइएको छ । यो ब्रिन्सडेन (सन् २००३) ले उल्लेख गरेअनुसारको कोखदायी आमाको अवस्था हो । उनले उल्लेख गरेको चार प्रकारका धितोकोखमध्ये कोखदायी आमाको अण्ड र दाताको वीर्य प्रयोग गरेर सिर्जना गरिएको भ्रूण एउटा प्रकार हो । सरिता र उसका श्रीमान्ले गर्भको रक्षा गर्न र सुनचरीको उचित स्याहारसुसार गर्न एक जना कामदारको व्यवस्था गरेका छन् र उसको रेखदेख, खानपान र बेलाबेलामा स्वास्थ्य परीक्षण समेत गराउँदै

गराएका छन् । केही महिनापछि आठ लाख रुपियाँ लिएर सुनचरीले सरितालाई बच्चो जिम्मा लगाएकी छ । उपन्यासकी पात्र सुनचरीले जुन प्रक्रियाबाट सरिताका निम्ति बालक जन्माइदिन्छे त्यो गेस्टासनल सरोगेसीको प्रक्रिया हो । उपन्यासमा उल्लेख भएका तथ्यअनुसार सुनचरीले शिशुलाई जन्म दिए पनि ऊ वास्तविक आमा बन्न नसकेको र सरिताका श्रीमान्श्रीमती सुनचरीको कोखबाट जन्मिएको बालक पाएपछि सन्तानको इच्छा पूरा भएको महसुस गरेका छन् ।

## *किरायको कोख* उपन्यासमा कोखदायी आमा

शंकरदेव ढकालको *किरायको कोख* उपन्यासकी नायिका कस्तुरीलाई कोखदायी आमाका रूपमा प्रस्तुत गरिएको छ। उसले अमेरिकानिवासी हेन्री र नेन्सीका निम्ति एउटै गर्भबाट दुई बालिकालाई जन्म दिएकी छ । बाल्यावस्थामै आफ्ना आमाबुबासँग शरणार्थीका रूपमा भुटानबाट नेपालको बेलडाँगीमा आई बसेकी कस्तुरीले भुटानी शरणार्थी सहायताका निम्ति अन्तर्राष्ट्रिय शरणार्थी उच्च आयुक्तबाट खटाइएका कारिन्दाहरूसँगै काम गर्ने गरी सहसम्पर्क सहायक भई काम गरेकी छ । शरणार्थी उच्च आयुक्त हेन्री र उसकी श्रीमती नेन्सी निःसन्तान रहेकाले उनीहरूका निम्ति अमेरिकामा रहेको आफ्नो पैतृक सम्पत्ति सम्हाल्न सक्ने सन्तानको खाँचो परिरहेको हुन्छ। क्यान्सर रोगले पीडित कस्तुरीकी आमालाई उपचार गराइदिने भनी उनीहरूले कस्तुरी र उसकी आमालाई अमेरिका लगेका छन् । त्यहाँ पुगेपछि मात्र नेन्सीले कस्तुरीसँग उसकी आमालाई उपचार गराई निको पारिदिने तर आफ्ना लागि सन्तान जन्माइदिनुपर्ने सर्त राखेकी छ । भविष्यमा आइपर्ने अनेक अप्ठ्यारा परिस्थिति बुझदाबुझदै पनि नेन्सीको प्रस्तावलाई कस्तुरी स्विकार्न बाध्य भएकी छ ।

उपन्यासकारले उपन्यासको पात्र हेन्रीको परिचय दिँदै उसलाई कोखदायी आमा आवश्यक परेको कारण पनि खुलाएका छन्। निला आँखा भएका आफ्ना पुर्खा सत्रौँ शताब्दीमा बेलायतको लिभरपुलबाट अमेरिकाको इन्डियानामा बसाइँ सरी आएका हुनाले त्यस्तै इतिहास र जात भएका बेलायतीकै वीर्य कस्तुरीको गर्भमा राखी सन्तान जन्माउने हेन्रीको चाहना भएकाले नेन्सीले उसलाई इन्डियानाको प्रजनन केन्द्रमा लगी र तिनले चाहेजस्तै व्यक्तिको वीर्य कस्तुरीको गर्भमा राखिएको छ। कस्तुरीकी आमाको शल्यचिकित्सा गरिएकाले उसको रेखदेखका लागि नेपालकै शरणार्थी शिविरबाट उसकी भाउजूलाई अमेरिका लगिएको छ र कस्तुरीलाई आमाबाट टाढा राखिएको छ। दिन पुगेपछि जुम्ल्याहा छोरीहरू जन्मिएको महिना दिन नपुग्दै नेन्सीले कस्तुरीलाई दुध सुक्ने औषधि खुवाई नेपाल फर्कन बाध्य पारिएको छ । जन्म दिने आमा र बालकका बिच भावनात्मक सम्बन्ध हुनुपर्छ भन्ने रेगोन (सन् १९९४, पृ. २१) को मान्यता कस्तुरीले कोख धितोमा राखी जन्मिएका जुम्ल्याहा छोरी र तिनलाई जन्म दिने आमाको मातृत्व र वात्सल्य संवेदनशील अवस्थामा पुगेको देखिन्छ । अमेरिका लगायत पश्चिमा मुलुकमा आफूलाई चाहिएको सन्तानका लागि योग्य र स्वस्थ नारीको कोख भाडामा लिने र बालक जन्मेपछि सर्तअनुसारको भाडा तिरी कोख रित्याएर आमालाई बिदा दिई बालकलाई आफ्नै सन्तानका रूपमा व्यवहार गर्ने परिपाटीले वैधानिकता पाएको छ । कस्तुरीले हेन्रीको होइन अन्य पुरुषको वीर्य धारण गरी दुई बालिका इला र लिलीलाई जन्माएकी हुँदा ती दुवै बालिकामा हेन्री र नेन्सीको कुनै आनुवंशिक अंश नमिसिएको कुरा उपन्यासमा उल्लेख गरिएको छ । यो आमन्त्रित सरोगेसीको उत्कृष्ट नमुना हो ।

अमेरिकाबाट उपचार गरी नेपाल फर्किएको दुई वर्ष नपुग्दै कस्तुरीकी आमालाई क्यान्सरले फेरि मर्नु न बाँच्नुको अवस्थामा पुऱ्याएपछि काठमाडौँको वीर अस्पतालमा उपचार गराउँदा त्यहाँका अङ्कोलोजी विशेषज्ञहरूले नेपालमा उपचार सम्भव नभएकाले भारतको मुम्बईस्थित टाटा क्यान्सर संस्थानमा लैजान दिएको सल्लाह अनुरूप ऊ आमालाई लिएर मुम्बईको टाटा क्यान्सर संस्थानमा पुगेकी छ । नेपालबाट उपचारका निम्ति त्यहाँ पुग्ने मानिसहरूको सहयोगका

लागि जगदम्बा गुठीद्वारा राखिएको कर्मचारी नेपालीभाषी विष्णुबहादुरसँग कस्तुरीको भेट भएपछि उसले धर्मशालामा बस्ने बन्दोबस्त मिलाइदिएको छ । भोलिपल्ट अस्पताल गएर जचाउँदा अस्पताल खर्च, अपरेसन शुल्क, औषधि, किमो थेरापी, रेडिएसन जम्मै मिलाएर भारतीय रुपियाँ करिब बाह्र लाख खर्च लाग्ने हिसाब पाएकी छ र उक्त कुरा विष्णुबहादुरलाई सुनाएकी छ । यस्ता गरिब तथा असहायहरूलाई सहयोग गर्न मुम्बईमा खुलेका धेरै संस्थानहरूमध्ये उसले कस्तुरीलाई पुऱ्याएको एच.डी. बाक्हरू फाउन्डेसनकी कर्मचारीले अर्को ठेगाना र उनीहरू मुम्बईकै एक छेउमा रहेको गेट वे अफ इन्डियामा रहेको गगनचुम्बी महलको चौधौँ तलामा पुगी त्यहाँको सामाजिक कार्य गर्ने एउटा संस्थामा आफ्ना समस्या राखेकी छ । त्यस सामाजिक संस्थाकी संस्थापक अरमाती सोराबजीले आफ्ना श्रीमान् चमानी सोराबजीसँग सल्लाह गरेर निर्णय दिने बताएकी छ । औषधि उद्योग खोलेर बसेको ठुलो व्यापारिक घरानाको चमानीको व्यापारिक साम्राज्य रहेछ तर उत्तराधिकारी नभएकाले उत्तराधिकारलाई वहन गर्नसक्ने योग्य सन्तानको चाहनामा बसेका हुन्छन् । आमाको उपचारका निम्ति जस्तोसुकै मूल्य चुकाउन पनि तयार हुनसक्ने साहसी नारी भएको बुझेपछि यसै कमजोरीको फाइदा उठाउने विचारले अरमातीले कस्तुरीलाई आफ्ना लागि एउटा उपकार गरिदिन अनुनय गरेकी छ र हात जोडेर रुँदै भनेकी छ :

> हामीमाथि एउटा उपकार गरिदेऊ । हाम्रो अरू सन्तान भएन । यहाँ मुम्बईमा कृत्रिम गर्भधारणद्वारा सन्तान नहुनेहरूका अनि अरू सन्तान चाहनेहरूका लागि अनेकौँ ठुला अस्पताल छन् । ती अस्पतालहरूमा कुनै प्रकारको कष्ट नभई नानीको इच्छा पूरा हुने छ । कस्तुरी ! दया गरी मानिदेऊ । (पृ. ६५)

जनकल्याण संस्था खोलेर अभर परेकाहरूलाई उपकार गर्ने तर अप्रत्यक्ष रूपमा कुनै माध्यमबाट मूल्य चुकाउन पछि नपर्ने स्वार्थी मानिसको पासोमा कस्तुरीलाई हेन्री र नेन्सीले पनि पारेकै हुन्छन् र चमानी र अरमातीले पनि सन्तान जन्माउने साधनका रूपमा कस्तुरीलाई प्रयोग गरेका छन् । उसलाई मुम्बईको मरफोस प्रजनन केन्द्रमा लगी आफू पारसी मूलको भएकाले सबै खाले रोगबाट मुक्त स्वस्थ पारसी युवाबाट प्राप्त गुणात्मक शुक्राणु कस्तुरीको गर्भमा राख्ने चमानीको इच्छाबमोजिम कृत्रिम गर्भधारण गराइएको छ । ऊ अरमाती र चमानीको हुनेवाला सन्तान जन्माउने अति विशिष्ट यन्त्र बन्न पुगेकी छ । आमालाई निको पारी बेलडाँगी शिविरमा फर्कनु नै जीवनमा अनेक गोता खाएकी कस्तुरीको लक्ष्य र सपना रहेकाले अनि आफ्नो जीवन आमाका निम्ति समर्पण गरिसकेकी हुनाले उसका मनमा कुनै ग्लानि हुँदैन । दिन पूरा भएपछि तीन मिनेटका फरकमा उसबाट दुई छोरा जन्मेका छन् । पारसी पुरोहितले पहिलो छोराको नाम दलावार र दोस्रो छोराको नाम दिनयार राखेका छन् । दुई छोरा जन्मेपछि एक महिना पनि नपुग्दै अरमाती र चमानीले कस्तुरीलाई बिदा दिने उद्देश्यले डाक्टरका माध्यमबाट दुध सुकाउने औषधि खान लगाइन्छ तर कस्तुरीले आमाको दुध खान पाउनुपर्ने शिशु अधिकारबाट वञ्चित नगर्न आग्रह गरेकीले थप छ महिना आमा र शिशुलाई छुट्याइएको छैन । अलग्गै ठाउँमा राखेर उपचार गराई निको पारिएकी आमाका साथमा कस्तुरीलाई छ महिनापछि बिदा दिइएको छ ।

सक्षम सन्तान नभए पैतृक सम्पत्तिको विनाश हुने मात्र होइन पितापुर्खादेखि स्थापित विरासत नै सखाप भएर जान सक्ने भय उपन्यासको पात्र चमानीमा पनि देखिएको छ । कुनै अनाथालयबाट शिशु ल्याएर पालनपोषण गरी त्यसैलाई सन्तान बनाएर विरासत थाम्न सक्ने योग्य व्यक्ति बनाउन सक्थे तर त्यस शिशुमा आफ्नो वंशांश नरहने हुनाले आफ्नै वंशको वीर्य उपयोग गरी कस्तुरीबाटै सन्तान जन्माएका हुन् । यसबाट महिलाको गर्भस्थल भ्रूण विकास गर्न चाहिने साधन मात्र हो तर सन्तान असल र खराब भन्ने कुरा वीर्यमा रहेको सक्षमता नै हो भन्ने प्रस्ट हुन्छ ।

## *धितोकोख* उपन्यासमा कोखदायी आमा

*धितोकोख* उपन्यासकी नायिका ऋतम्भरा हो । नारीप्रधान यस उपन्यासकी नायिका ऋतम्भरा बाल्यावस्थामै मातापिताविहीन भएको उपन्यासमा उल्लेख गरिएको छ। उसका आमाबुबा र परिवारका नौजनामध्ये ऊ र उसको भाइ मात्र बाँचेका र काका, काकी, काकाकाकीका दुई छोराछोरी, हजुरबा, आमाबुबा गरी सात जना तथा उसका छिमेकी समेत आठ घरका सबै जना लगातार आठ दिनको वर्षाका कारण भिरगाउँमा गएको पहिरोमा परी मरेका हुन्छन् । आश्रयहीन ऋतम्भरालाई मामाले लगेर केही समय राखेको छ तर त्यहाँ उसमाथिको हेला र टोकसोका कारण काठमाडौँमा फुपूफुपाजुकहाँ गई बसेकी छ र फुपूफुपाजुले भर्ना गरिदिएको विद्यालयमा पढ्न थालेकी छ। कोही नभएकी अनाथ भनी चिनिएकी ऋतम्भरालाई विद्यालयले एन.जी.ओ. सँग कुरा गरी निःशुल्क पढाएको छ र त्यसै विद्यालयबाट बाह्र कक्षा उत्तीर्ण गरेकी छ। अनि काठमाडौँको सरकारी क्याम्पसमा भर्ना भएर स्नातक पढ्दै गर्दा उसले कुनै एन.जी.ओ.मा काम गर्न सुरु गरेकी छ। सरकार र माओवादी द्वन्द्वको चरम अवस्थामा आफ्नै सहपाठी सन्तबहादुरको भनाइमा लागेर माओवादी लडाकु सेनामा भर्ती भएकी छ र लडाकु सेना समरसँग उसले बिहे गरेकी छ। उसको पेटमा भ्रूण हुर्कंदै गरेका बेला म्याग्दीको बेनीमा सैनिक आक्रमणमा परी लोग्ने समरको मृत्यु भएको छ र युद्धका कारण ऋतम्भराको पेटमा भएको भ्रूण पनि खेर गएको छ। त्यसपछि पार्टीलाई नै परित्याग गरी सामाजिक उद्धारका निम्ति सञ्चालन भएको एउटा आई.एन.जी.ओ. मा ऊ काम गर्न थालेकी छ । नेपालको द्वन्द्व व्यवस्थापनका लागि काम गर्ने भनेर स्थापना भएको एउटा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थामा काम गर्न नेपाल आएको नेदरल्यान्डको चार्ल्स डेभिड नाम गरेको व्यक्तिसँग ऋतम्भराको भेट भएको छ । आफ्नै देशमा रहँदा श्रीमतीबाट धोका पाएको डेभिडले साथी माइकलका माध्यमबाट यहुदी परिवारमा जन्मेहुर्केको डेभिडले आफ्नै वीर्यबाट ऋतम्भराको कोखमा भ्रूण स्थापन गरी सन्तान जन्माउन चाहेको सन्देश पठाएको छ । पाँच वर्ष माओवादी द्वन्द्वको जालमा फसेकी छ, उमेरमा एकतिस वर्ष काटिसकेकी ऋतम्भराका मनमा धेरै द्वन्द्व चलेको छ र अन्तमा उसले केही सर्तसहित डेभिडका निम्ति सन्तान जन्माइदिने वचन दिएकी छ ।

यस उपन्यासमा भाटिया, माटिन्डेल, रस्तामोभ, निसेन्बम (सन् २००९) ले उल्लेख गरेको परम्परागत धितोकोख प्राप्त गर्न सकिन्छ भन्ने धारणा व्यक्त गरिएको छ। यस प्रकारको धितोकोखको मान्यताअनुसार कोखदायी आमाले कसैको सन्तान जन्माइदिन कानुनी प्रक्रिया पूरा गर्नुपर्ने हुन्छ तर नेपालमा यससम्बन्धी औपचारिक कानुन बनी नसकेको हुँदा गैरकानुनी बाटो हिँडेरै भए पनि व्यक्तिगत रूपमा केही सर्त राखी आपसी समझदारीका साथ ऋतम्भराले डेभिडका लागि सन्तान जन्माइदिन आफ्नो कोख धितोमा राखेकी छ ।

ऋतम्भरा विदेशी नागरिक डेभिडसँग सम्भोगका माध्यमबाट धितोमा सन्तान जन्माइदिने निष्कर्षमा पुगेकी छ । कोख धितोमा राख्दा गर्भधारण गर्ने व्यक्तिको स्वास्थ्य परीक्षण गर्ने, स्वास्थ्य अनुकूल भएको देखिएमा सम्भोग विधिबाटै गर्भधारण गर्ने र सार्वजनिक जीवनबाट पूरै अवकाश लिएर स्वस्थ आहारविहारमा रही बच्चो जन्माउनुपर्ने, स्वस्थ बच्चाको जन्मपछि चिकित्सकले गर्ने बच्चाको नियमित स्वास्थ्य परीक्षणबाट बच्चो स्वस्थ रहेको पुष्टि भएमा दुई वर्षपछि डेभिडले आफ्नो सन्तान लिएर स्वदेश फर्कने भन्ने सर्त राखिएको हुन्छ । ऋतम्भराको कोख धितोमा राख्न रुपियाँपैसाको पनि सर्तनामा गरिएको हुन्छ । तीन वर्ष कतै जान नपाउने प्रतिबन्ध भएपछि मासिक पचास हजारका दरले तीन वर्षसम्मको एकमुस्ट अठार लाख रुपियाँ, गर्भवतीको सह्यारसम्भार र स्वास्थ्य परीक्षणका लागि मासिक बिस हजारका दरले एक वर्षसम्मको दुई लाख चालिस हजार रुपियाँ, आमाको भोजनका निम्ति प्रतिमहिना पचास हजार रुपियाँका दरले दुई वर्षसम्मको एकमुस्ट बाह्र लाख रुपियाँ र बच्चो राम्रो र स्वस्थ भएमा एक वर्षको तलब बराबरको

छ लाख रुपियाँ इनामस्वरूप बच्चाकी आमालाई दिने भनेर अठतिस लाख चालिस हजार पाउने सर्तनामामा उल्लेख गरिएको हुन्छ । बच्चो उसकै बुबा डेभिडको घरमा पुगेको पाँच वर्षपछि एक पटक र पन्ध्र वर्षपछि एक पटक बच्चाकी आमा डेभिडको घर निदरल्यान्ड जान पाउने पनि सर्तमा उल्लेख गरिएको हुन्छ । नेपालमा कानुन नबनेको अवस्थामा नेपाली नारीले विदेशीको वीर्य धितोमा आफ्नो कोखमा राखी अर्काको सन्तान जन्माइदिने एक निडर र परिआए मुकाबिला गर्ने आँटसमेत भएकी ऋतम्भरा साहसी, आँटी र दृढ निर्णय गर्न सक्ने क्षमता भएकी नारीका रूपमा चित्रित भएकी छे ।

## कोखदायी आमा र शरीर राजनीति

रेमन्ड विलियम्सले सुरु गरेको सांस्कृतिक अध्ययनको परम्परामा अमेरिकाली सांस्कृतिक अध्येताहरूले मानव शरीर व्यक्तिगत नभई सामाजिक शरीर रहेको र प्रत्येक व्यक्तिले आफ्नो शरीरको उपभोग आफूले चाहे जसरी नै गर्न पाउनुपर्छ भन्ने मान्यता अगि सारेका छन् । विशेष गरी नारी शरीर उसकै नियन्त्रणमा हुनुपर्ने र उसको शरीरमाथि पुरुष वर्चस्व हुन नहुने विचार शरीर राजनीतिको मान्यता हो । सत्ता र शक्तिको प्रभुत्वमा कसैको शरीरलाई नियन्त्रण गर्नु नै शरीर राजनीति हो । शरीर राजनीतिले शरीरलाई कसरी सत्ता र शक्तिको आडमा आफ्नो नियन्त्रणमा राखेको हुन्छ भन्ने विचारको पृष्ठभूमि सिमोन दि बुआ (सन् १९५३) ले अगि सारेकी हुन् । उनले सामाजिक सांस्कृतिक रूपमा महिलाको शरीरलाई भिन्न रूपमा लिने गरेको विचार अगि सारेपछि शरीर राजनीतिको अवधारणाको विकास भएको हो । उनले यौनजन्य अङ्गकै कारण नारी शरीरमाथि पुरुषले नियन्त्रण गरेको आरोप लगाएकी छन् (बुआ, सन् १९५३, पृ. ३६७) । शरीर राजनीतिक क्षेत्र भएकाले शक्तिको नियन्त्रणमा रहन्छ । शरीर शक्ति र शोषणसँग जोडिएको हुन्छ । शरीर जसको हो उसकै नियन्त्रणमा नभई शक्तिशालीको अधीनमा हुनु, आफ्नो शरीरमाथि अरूको आधिपत्य कायम हुनु, शक्तिशालीको दमन, शोषण र हिंसामा शरीर पर्नु नै शरीर राजनीति हो (फुको, सन् १९८९, पृ. ३०) । फुकोले शरीर राजनीतिलाई शक्ति र ज्ञानका सहायक उपकरणका रूपमा रहने सामग्री बताएका छन् । शरीर राजनीति व्यक्तिको स्वतन्त्रता र अधिकारसँग जोडिएको छ । यसले शरीरमाथिको सामाजिक, सांस्कृतिक उत्पीडनको विरोध गरेको छ । सुसन बोर्डोले नारी शरीरलाई भौतिक अस्तित्वको शरीर मात्र नभएर यो सांस्कृतिक परम्पराको महत्त्वपूर्ण पाठ पनि मानेका छन् । सन् १९७० को दशकमा नारीवादी लेखकहरू लुसी इरिगेरी, जुलिया क्रिस्तेभा, मोनिक विटिङ र हेलेन सिक्सुसले शरीर राजनीतिको अवधारणा विकास गरेर (भट्टराई, २०७७, पृ. २६९) महिलाको शरीरमा महिलाकै अधिकार हुनुपर्ने र पुरुषको अधीनस्थता र शोषणबाट शरीरलाई मुक्त राख्नुपर्ने शरीर राजनीतिको मूल मान्यता अगि सारेका छन् ।

नारीलाई सामाजिक सांस्कृतिक मान्यताले वस्तुकरण गरेको र नारीसँग जोडिएका हरेक पक्ष पितृसत्ताले निर्देश गरेको हुन्छ । समाज पुरुषपक्षीय भएकाले सामाजिक व्यवस्थाले महिलालाई पुरुषले उपभोग्य सामग्री ठानेर उपभोग गरेको छ । पुरुष नियन्त्रित भएकै कारण महिलालाई सामाजिक, आर्थिक, राजनीतिक साथै यौनिक विषयमा आफ्ना विचार अभिव्यक्त गर्ने स्वतन्त्रता दिइएको छैन । यस अध्ययनमा शरीर राजनीतिका विश्लेषक मिसेल फुको (सन् १९८९) र लुसी इरिगेरी (सन् १९९८०) का विचारलाई मुख्य आधार मान्दै शरीरप्रति पितृसत्तात्मक सामाजिक सांस्कृतिक दृष्टि, शरीरप्रति उपभोक्तावादी सांस्कृतिक दृष्टि, शक्ति र प्रभुत्वका रूपमा शरीरको प्रयोग तथा शरीर राजनीतिप्रति प्रतिरोधी चेतनाको प्रमाण विश्लेषणका साथ पुष्टि गरिएको छ ।

*माधवी* उपन्यासकी नायिका माधवी, *मौन अक्षर* उपन्यासकी पात्र सुनचरी, *किरायको कोख* उपन्यासकी नायिका कस्तुरी र *धितोकोख* उपन्यासकी नायिका ऋतम्भरा पितृसत्तात्मक समाजका नारी पात्र हुन् । अहिच्छत्र नरेश ययातिले आफ्नो शरीरको निर्णयकर्ता माधवी स्वयम् भएकीले उसको जीवनका लागि उसैले निर्णय गरोस् भन्ने कथनबाट

फुको (सन् १९८९) को शरीर राजनीतिसम्बन्धी मान्यता उपन्यासमा आएको छ तर श्यामकर्ण घोडा प्राप्तिका निम्ति माधवी केशशुल्का भएर गालवसित हिँडोस् र विश्वामित्रको महान् लक्ष्य पूरा होओस् भन्ने पनि चाहेको छ। माधवीको शरीरशोषणपछि प्राप्त श्यामकर्ण घोडा विश्वामित्रलाई बुझाइएको सम्म उपन्यासमा उल्लेख गरिएको छ तर कति भूमिदास मुक्त भएर धरा स्वर्गसमान भयो भन्ने कुरामा उपन्यास मौन रहेको छ। नायिका श्रीभाषाकी सहयोगीका रूपमा बसेर जेनतेन जीवन गुजारा गर्दै आएकी *मौन अक्षर*की पात्रा सुनचरी व्यक्तिगत आर्थिक लाभप्राप्तिकै कारण सरिता र उसका श्रीमान्का लागि बालक जन्माइदिन सहमत भएको घटना उपन्यासमा उल्लेख भए पनि सुनचरीको शरीरमाथि पुरुषप्रधान सामाजिक संस्कृतिले निम्त्याएको नारीभावनागत शोषण यस उपन्यासमा प्रस्तुत भएको पाइन्छ।

अमेरिका पुऱ्याएर हेन्‍री र नेन्सीले कस्तुरीको शरीर शोषण गरी आफ्ना लागि सन्तान जन्माइदिन बाध्य पारेका छन् र जुम्ल्याहा छोरी जन्मेपछि दुध सुक्ने औषधि खुवाएर नेपाल फर्काउनु अनि आमाको क्यान्सर उपचारका लागि मुम्बई पुगेकी कस्तुरीलाई बाध्यतामा पारी जनकल्याण संस्था खोलेर बसेका अरमाती र चमानीले आमाको उपचार गरिदिने प्रलोभनमा पारी त्यहाँ आफ्ना लागि सन्तान जन्माइदिन बाध्य पारी दुई छोरा जन्मेपछि एक महिना पनि नपुग्दै अरमाती र चमानीले कस्तुरीलाई बिदा दिने उद्देश्यले डाक्टरका माध्यमबाट दुध सुकाउने औषधि खान लगाएर शरीरशोषण गरेको चरम नमुना उपन्यासमा व्यक्त भएको छ। *धितोकोख* उपन्यासकी नायिका ऋतम्भराले डेभिडका निम्ति सन्तान जन्माइदिए पनि पोषणतत्त्व कम भएर छोरो रोगी भएको आदि अनेक आरोप लगाएर मानसिक दुःख दिएको कुरा उपन्यासमा उल्लेख गरिएको छ। फुको तथा लुइस इरिगेरीले उल्लेख गरेको पितृसत्तात्मक सामाजिक सांस्कृतिक दृष्टि, शरीरप्रति उपभोक्तावादी सांस्कृतिक दृष्टि, शक्ति र प्रभुत्वका रूपमा शरीरको प्रयोग तथा शरीर राजनीतिका दृष्टिकोणबाट माथिका उपन्यासलाई हेर्दा उपन्यासकारले नारीमाथिको शारीरिक शोषण प्रस्तुत गरेको देखिन्छ।

## निष्कर्ष

नेपाली उपन्यासपरम्परामा उत्तरवैदिककालीन समाज अभिव्यक्त भएको *माधवी* उपन्यास प्रकाशनकालदेखि नै कोखदायी आमाको अवस्था व्यक्त भएको पाइन्छ। *माधवी*की नायिका माधवीले कोख धितोमा राखेर धितोस्वरूप श्यामकर्ण घोडा लिएको सन्दर्भबाट के प्रस्ट हुन्छ भने वैदिककाल, उत्तरवैदिक काल र पौराणिक कालदेखि नै कोख भाडामा लिएर सन्तान प्राप्तिको चाहना राख्ने परम्पराको विकास भएको देखिन्छ। संसारलाई दासत्वबाट मुक्ति दिलाउने प्रक्रिया पूरा गर्न ऋषि विश्वामित्रलाई आवश्यक परेका चारओटा श्यामकर्ण घोडा प्राप्तिका निम्ति नायिका माधवीले आफ्नो कोख धितोमा राखेर अयोध्या नरेश हर्यश्वबाट पहिलो पुत्र वसुमनालाई, काशीराजा दिवोदासबाट दोस्रो पुत्र प्रतर्दनलाई र भोजनगर नरेश शिविबाट तेस्रो पुत्र पिताकै नाम रहेको शिविलाई जन्म दिएको सन्दर्भ उपन्यासमा उल्लेख गरिएको छ। माधवी र विभिन्न जनपदका नरेशका बिच प्रत्यक्ष सम्भोग प्रक्रियाबाट कोखदायी आमालाई उपयोग गरी ती नरेशले सन्तान प्राप्त गरेका छन्। *माधवी* उपन्यासमा आमाको कोख धितोमा लिने र दिने जुन प्रत्यक्ष सम्भोग प्रक्रिया छ त्यही प्रक्रियालाई उपन्यासकार सुवेदीले *धितोकोख* उपन्यासमा प्रस्तुत गरेका छन्। *मौन अक्षर* उपन्यासमा कुन विधि र प्रक्रियाबाट आमाको कोखलाई धितोमा उपयोग गरिएको हो भन्ने प्रस्ट उल्लेख छैन तर *किरायको कोख* उपन्यासमा आधुनिक र उन्नत स्तरको आमन्त्रित धितोकोख प्रक्रिया उपयोग गरी आमाको कोख धितोमा लिई इच्छित व्यक्ति वा दम्पतीले सन्तानको इच्छा पूरा गरेको देखाइएको छ।

*माधवी* उपन्यासकी नायिकालाई जुन प्रकारको कोखदायी आमाका रूपमा देखाइएको छ त्यो सनातन धर्म र संस्कृतिबाट निर्मित तत्कालीन समाजका निम्ति सहज र सुपाच्य नै रहेको देखिन्छ। दासत्वबाट संसारलाई मुक्ति

दिलाउन ऋषि विश्वामित्रले अगि बढाउन लागेको विश्वमानवकल्याणको अभियानमा सहयोग पुऱ्याउन उसले आफूलाई केशशुल्का नारीका रूपमा अर्पण गरेकी हो । ऊ व्यक्तिगत आर्थिक लाभ प्राप्त गर्ने निजी स्वार्थको घेराको बन्धनमा परेकी छैन । उसमा प्रतिरोधी चेतना नभएको होइन तर प्रभुत्वशाली वर्गका अगाडि निरीह भएर आफ्नो शरीर माथिको ज्यादतीलाई सहिदिनुपर्ने अधीनस्थ वर्गको शरीरमाथिको राजनीतिलाई पनि उपन्यासमा अभिव्यक्त भएको छ । *मौन अक्षर* उपन्यासकी सुनचरी, *किरायको कोख* उपन्यासकी कस्तुरी र *धितोकोख* उपन्यासकी ऋतम्भराले व्यक्तिगत आर्थिक लाभका निम्ति आफ्नो कोख धितोमा उपयोग गरेका छन् । *मौन अक्षर* उपन्यासका सरितादम्पती, *किरायको कोख* उपन्यासको हेन्री र नेन्सी तथा चोमानी र अरमानी एवम् *धितोकोख* उपन्यासको पात्र डेभिडमा कुनै सामाजिक स्वार्थ र मानवकल्याणको सोच रहेको देखिँदैन । उनीहरू नितान्त व्यक्तिगत स्वार्थका लागि कोख धितोमा लिने र दिने कार्यमा संलग्न रहेका देखिन्छन् । सुनचरीले नेपाली दम्पतीकै निम्ति बालक जन्माएकी छ तर कस्तुरी र ऋतम्भराले विदेशीका निम्ति आफ्नो कोख धितोमा दिएका छन् । कोखदायी आमाका सन्दर्भबाट परम्परागत नेपाली समाजको मूल्य र मान्यतामा स्खलन आएको परिघटनालाई उपर्युक्त चारओटै उपन्यासमा उल्लेख गरिएको छ । माधवी, सुनचरी, कस्तुरी र ऋतम्भरा चारै जना नारी पात्रले आफ्नो कोख धितोमा दिई भौतिक लाभ ग्रहण गरे पनि मनोशारीरिक एवम् मानसिक रूपमा उनीहरू सन्तुष्ट देखिएका छैनन् ।

## सन्दर्भसामग्रीसूची


खनाल, हरिहर. (२०७६, फागुन १०). ‘सरोगेट मदरको कथा’. *गोरखापत्र अनलाइन,* https://beta.gorkhapatraonline.com/saturday/2020-02-22-9077 ।

गैरे, ईश्वरीप्रसाद (२०४८). ‘मदनमणि दीक्षित र उनको माधवी उपन्यास’. अप्रकाशित स्नातकोत्तर शोधपत्र. त्रिभुवन विश्वविद्यालय ।

ज्ञवाली, रामप्रसाद. (२०७९). ‘नयाँ विषय र नयाँ शैलीको औपन्यासिक प्रस्तुति : धितोकोख’, *शब्दाङ्कुर,* २१ (८/२४८), पृ. १६८-१७७ ।

ढकाल, शंकरदेव. (सन् २०१८). *किरायको कोख.* गान्तोक : अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज, सिक्किम शाखा ।

थापा, तारा. (२०७५). ‘मौन अक्षर उपन्यासको विधातात्त्विक अध्ययन’. स्नातकोत्तर शोधपत्र, काठमाडौँ : रत्न राज्यलक्ष्मी क्याम्पस ।

दाहाल, दीपकप्रसाद (२०६७). ‘माधवी उपन्यासका नारी पात्र’. अप्रकाशित स्नातकोत्तर शोधपत्र. त्रिचन्द्र बहुमुखी क्याम्पस ।

दीक्षित, मदनमणि. (२०७७). *माधवी.* सातौँ सं. ललितपुर : साझा प्रकाशन ।

निरौला, यज्ञेश्वर. (२०७९). ‘राजेन्द्र सुवेदी र उनको धितोकोख उपन्यास’. *शब्दाङ्कुर,* २१ (८/२४८), पृ. ११४-१२४ ।

भट्टराई, रमेशप्रसाद (२०७७), *सांस्कृतिक (वर्गीय, लैङ्गिक र जातीय) अध्ययनको सिद्धान्त र नेपाली सन्दर्भ,* काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

सिलवाल, हरिप्रसाद. (२०६४). ‘समाजशास्त्रीय सन्दर्भ र माधवी उपन्यासको अध्ययन’. *दीपशिखा.* १८(११/११). पृ. ६४-७९ ।

सिलवाल, हरिप्रसाद. (२०७४). ‘मदनमणि दीक्षितका उपन्यासको समाजशास्त्र’. विद्यावारिधि शोधप्रबन्ध, कीर्तिपुर : मानविकी तथा सामाजिक शास्त्र सङ्काय, त्रिभुवन विश्वविद्यालय ।

सिंह, पद्मावती. (२०७३). *मौन अक्षर.* काठमाडौँ : अक्सफोर्ड इन्टरनेसनल पब्लिकेसन ।

सुवेदी, राजेन्द्र. (२०७६). *धितोकोख.* काठमाडौँ : ऐरावती प्रकाशन प्रा.लि ।

Beauvoir, Simon D. (1953) *The second sex* (Translated and adited by H.M. Parshley). New York : Knopt.

Bhatia, K; Martindale, E. A.; Rustamov, O; Nysenbaum, A. M. (2009). "Surrogate pregnancy: an essential guide for clinicians". *The Obstetrician & Gynaecologist*. **11** (1): 49–54. doi:10.1576/toag.11.1.49.27468.

Brandão, P.; Garrido, N. (December 29, 2022). "Commercial Surrogacy: An Overview". *Rev Bras Ginecol Obstet*. 44(12) (1141–1158): 1141–1158. doi:10.1055/s-0042-1759774.

Brinsden, P. R. (September 1, 2003). "Gestational surrogacy". *Human Reproduction Update*. **9** (5): 483–491. doi:10.1093/humupd/dmg033.

Ciccarelli, J. & Beckman, L. (March 2005). "Navigating Rough Waters: An Overview of Psychological Aspects of Surrogacy". *Journal of Social Issues.* 61 (1): 21–43. doi:10.1111/j.0022-4537.2005.00392.

Imrie, S. & Jadva, V. (July 4, 2014). "The long-term experiences of surrogates: relationships and contact with surrogacy families in genetic and gestational surrogacy arrangements". *Reproductive BioMedicine Online*. **29** (4): 424–435. doi:10.1016/j.rbmo.2014.06.004.

Irigaray, L. (1998) [published elsewhere in 1985]. "Women on the Market". In Rivkin, J.; Ryan, M. (eds.). *Literary theory, an anthology*. Malden, Mass: Blackwell. pp. 799–811. ISBN 9780631200291.

Piersanti, V.; Consalvo, F.; Signore, F.; Del Rio, A.; Zaami, S. (January 2021). "Surrogacy and "Procreative Tourism". What Does the Future Hold from the Ethical and Legal Perspectives?". *Medicina*. **57** (1): 47. doi:10.3390/medicina57010047.

Ragone, H. (1994). *Surrogate Motherhood: Conception in the Heart*. Westview Books.